हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२

चलानी नं. १२८८२

मितिः२०८१।१०।०४

**विषयः कक्षा-८ को परीक्षा फाराम भर्ने भराउने सम्बन्धमा।**

श्री कक्षा-८ सञ्चालित विद्यालयहरु(सबै),

हरिहरपुरगढी गाउँपालिका, सिन्धुली ।

प्रस्तुत विषयमा कक्षा -८ सञ्चालित सबै विद्यालयहरुले आफ्नो विद्यालयको IEMIS तथ्याङ्कमा कक्षा ८ को वार्षिक परीक्षामा सामेल हुने विद्यार्थीहरुको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भए अनुसार नाम, थर, जन्म मिति, बुबा, आमाको नाम लगायत सम्पूर्ण विवरण आगामी दिनमा फरक नपर्ने गरी सच्याई अध्यावधिक गर्नुहुन साथै शैक्षिक सत्र २०८१ मा आधारभूत तह कक्षा-८ को पालिकास्तरीय परीक्षामा सहभागी हुने **विद्यार्थीहरुको फोटोसहित परीक्षा आवेदन फाराम आफ्नो विद्यालयको IEMIS बाट प्रिन्ट गरी** उल्लेखित सम्पूर्ण विवरण भरी/ भराई मिति २०८१।११।१५ गते भित्रमा तपसिलका कागजातसहित यस शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन अनुरोध छ।

<u>तपसिल</u>

१. फारामसंगै जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
२. IEMIS बाट समष्टिगत विवरण प्रिन्ट गरी प्रधानाध्यपकले प्रमाणीकरण गरी सो बमोजिम प्राप्त फारामको वणानुक्रम तयार गरी पेश गर्नु पर्नेछ।
३. IEMIS मा अध्यावधिक भएका र ७५% हाजिरी भएका विद्यार्थीहरलाई मात्र परीक्षामा सहभागी गराउनु पर्नेछ।
४. सोहि विद्यालयमा कक्षा ७ सम्म अध्ययन नगरी अन्य विद्यालयबाट TRANSFER भई कक्षा ८ अध्ययन गर्न आएका विद्यार्थीको हकमा आधारभूत तह उत्तीर्ण (कक्षा-८) परीक्षामा सहभागी हुनका लागि कक्षा ७ उत्तीर्ण गरेको ग्रेडसिट तथा प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

दिपेन्द्र कुमार पैकरा
प्रमुख प्रशासकीय अधिकृत

(दिपेन्द्र कुमार पैकरा)

प्रमुख प्रशासकीय अधिकृत